# CCS ELEVATE

## STARLING *GRADE BAND STANDARDIZATION*




नवेम्बर २०२३ मा कलम्बस सिटी स्कूल्सले आफ्ना सुविधाहरूको स्तरवृद्धि गर्ने र तिनीहरूको पदचिह्न कम गर्ने वाचा गर्दै १०० मिलियन डलर ($१०० मिलियन) लेवी पारित गर्न कलम्बसका मतदाताहरूको अत्याधिक समर्थनकालागि धन्यवाद। यस लेवी सङ्कलनको लक्ष्य भनेको सबै विद्यार्थीहरूकालागि उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने जिल्लाको मिशनलाई समर्थन गर्नु हो। बोर्ड नीति ७१०५ अनुसार, सुपरिटेन्डेन्टले फेब्रुअरी २०२४ को शुरुमा डिस्ट्रिक्टका सुविधाहरूको पुनर्संरचनाको मूल्याङ्कन गर्न सामुदायिक सुविधा कार्यदल गठन गर्यो। सो कार्यदल विविध पृष्ठभूमि र अनुभव भएका व्यक्तिहरूको बन्छ।

यस कार्यदलले मंगलबार, मेई ७ तारिकका दिन शिक्षा बोर्डलाई प्रारम्भिक सिफारिसहरू प्रस्तुत गऱ्यो। यी सिफारिसहरू भवनहरूमा ग्रेड ब्यान्डको मानकीकरण, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा पहुँच बढाउन, परिवार र विद्यार्थीहरूलाई समान सेवाहरू प्रदान गर्न र पहिले करदाताहरूको लगानीलाई सम्मान गर्न केन्द्रित थिए। यसको लक्ष्य भनेको प्रारम्भिक सिफारिसहरूमा समुदायको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नु र खुला सम्वादको माध्यमबाट सहयोग बढाउनु हो। यसले डिस्ट्रिक्टको मिशनसँग सुविधाहरूको मास्टर प्लानलाई पङ्क्तिबद्ध गर्न र कलम्बस सिटी स्कूल्सको बुझाइ बढाउन मद्दत गर्नेछ।

यस सुपरिटेन्डेन्टको सामुदायिक सुविधा कार्यदलले शिक्षा बोर्डलाई छैठौंदेखि आठौं कक्षाका स्टारलिङ्ग पृ के-८ (Starling PreK-8) का विद्यार्थीहरूलाई **वेस्टमोर (Westmoor) र हिल्टोनिया (Hilltonia) मिडल स्कूलमा** गाभ्न (मर्ज गर्न) सिफारिस गर्दछ।

**स्टारलिङ्ग पृ के-८/Starling PreK-8 (२०१३ मा स्थापित)** स्कूलको ५३९ विद्यार्थीहरूलाई सेवा गर्ने क्षमता छ; यद्यपि, २०२३-२०२४ स्कूल वर्षमा ५०६ जना विद्यार्थीहरू भर्ना भएका छन् जसको वर्तमान उपयोग दर ९६% हुन आउँछ।

स्टारलिङ्ग पृ के-८/Starling PreK-8 को ग्रेड ब्यान्ड मानकीकरणकासाथ कक्षा (६-८) सम्मका मिडल स्कूलका विद्यार्थीहरूलाई वेस्टमोर (Westmoor) र हिलटोनिया (Hilltionia) मिडल स्कूलहरूको स्वागतले विद्यार्थीहरूलाई थप निर्देशनात्मक समय प्राप्त गर्न र परम्परागत मिडल स्कूलमा उपस्थित हुन पाउने अनुमति दिनेछ।

वेस्टमोर (Westmoor) र हिलटोनिया (Hilltonia) मिडल स्कूलहरूले माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई संगीत, भाषण र बहस गर्ने अवसर, प्रदर्शनी, दृश्य कला र एथलेटिक्स (खेलकुद) जस्ता थप क्रियाकलापहरू प्रदान गर्दछ।

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS